जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९३ | २०८३ साल जेठ २६ गते मंगलवार | Tuesday-09-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## कोल्हवी नगरपालिकाको आर्थिक बेथिति, ८८ करोडभन्दा बढी बेरूजु कायम

**शु.आ. सम्बाददाता**
**बारा, २५ जेठ**

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले कोल्हवी नगरपालिकाको आर्थिक प्रशासन र वित्तीय व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ । प्रतिवेदनअनुसार नगरपालिकामा वर्षौंदेखि थुप्रिँदै आएको बेरुजु रकम घट्नुको सट्टा झन् बढ्दै गएको देखिएको छ । चालु आर्थिक वर्षमा मात्र ३ करोड ३८ लाखभन्दा बढी नयाँ बेरुजु थपिएपछि नगरपालिकाको कुल बेरुजु रकम ८८ करोड २३ लाख रुपैयाँभन्दा माथि पुगेको छ ।




महालेखाको विवरणअनुसार आर्थिक वर्ष २०८१/०८२ मा कोल्हवी नगरपालिकामा ३ करोड ३८ लाख १९ हजार ५८० रुपैयाँ बेरुजु कायम भएको छ । नगरपालिकाको कुल १७ वटा दफामा उक्त बेरुजु देखिएको हो । प्रतिवेदनले विभिन्न शीर्षकमा खर्च गरिएका रकमको कानुनी आधार, प्रमाण तथा प्रक्रियागत पक्षमा कमजोरी रहेको औंल्याएको छ ।

अघिल्लो आर्थिक वर्षसम्म नगरपालिकाको बाँकी बेरुजु ८५ करोड ८ लाख ६२ हजार ४६५ रुपैयाँ रहेको थियो । चालु वर्षमा जम्मा २३ लाख ९० हजार रुपैयाँ मात्र फछ्र्योट हुन सकेको देखिन्छ । यसरी अत्यन्त न्यून मात्रामा बेरुजु फछ्र्योट हुँदा अघिल्ला वर्षको बेरुजु अझै ८४ करोड ८४ लाख ७२ हजार ४६५ रुपैयाँ कायम रहेको छ । त्यसमा चालु वर्षको नयाँ बेरुजु थपिँदा कुल बेरुजु बाँकी रकम ८८ करोड २३ लाख रुपैयाँभन्दा बढी पुगेको प्रतिवेदनले देखाएको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार बेरुजुको ठूलो हिस्सा नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने तथा असुल गर्नुपर्ने प्रकृतिको रहेको छ । यसले नगरपालिकाको खर्च व्यवस्थापन, लेखा अभिलेख तथा आर्थिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको संकेत गरेको जानकारहरू बताउँछन् ।

प्रतिवेदनअनुसार केही खर्चहरूमा आवश्यक प्रमाण संलग्न नगरिएको, केही शीर्षकमा खर्च गर्दा कानुनी प्रक्रिया पूर्ण रूपमा पालना नभएको तथा केही रकमको औचित्य पुष्टि गर्ने आधार अभाव रहेको देखिएको छ । सार्वजनिक स्रोतको उपयोग गर्दा पालना गर्नुपर्ने वित्तीय अनुशासनमा कमजोरी देखिनु स्थानीय तहको

बाँकी तेश्रो पृष्ठमा

## प्रजिअ मिश्रको कडा चेतावनीः "गत बर्षको जस्तो बेथिति दोहोरिए कार्वाही हुन्छ"

**शु.आ. सम्बाददाता**
**कलैया, २५ जेठ**

विगत आर्थिक वर्षमा पूर्वाधार विकास कार्यालय कलैयाको कामकारबाही, योजना कार्यान्वयन तथा ठेक्का व्यवस्थापनलाई लिएर विभिन्न समयमा प्रश्न उठिरहेका बेला कार्यालयमा दोस्रो पटक हाजिर भएका प्रमुख (सिडिई) ओमकुमार साहलाई बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले कडा निर्देशन दिएका छन् ।

सोमबार जिल्ला प्रशासन कार्यालय बारामा भएको भेटघाटका क्रममा प्रजिअ मिश्रले सिडिई साहलाई गत आर्थिक वर्ष २०८१/०८२ मा देखिएका कमजोरी, विवाद र जनगुनासो दोहोरिन नदिन स्पष्ट चेतावनी दिएका हुन् । प्रशासन स्रोतका अनुसार प्रजिअ मिश्रले कार्यालय सञ्चालन, योजना व्यवस्थापन, कर्मचारी परिचालन तथा सेवाप्रवाहलाई पूर्ण रूपमा पारदर्शी, जवाफदेही र जनमुखी बनाउन निर्देशन दिएका छन् ।

प्रजिअ मिश्रले कार्यालय समयको पूर्ण पालना गर्न, सेवाग्राहीलाई अनावश्यक दुःख नदिन तथा कर्मचारीहरूलाई सक्रिय र जिम्मेवार बनाउन विशेष जोड दिएका छन् । उनले कार्यालयभित्र कार्यसंस्कृति सुधार नगरी विकास निर्माणको गुणस्तर सुधार हुन नसक्ने भन्दै कर्मचारीहरूलाई समेत जिम्मेवारीबोध गराउन आग्रह गरेका छन् ।



स्रोतका अनुसार भेटका क्रममा प्रजिअ मिश्रले कार्यालयका स्थायी कर्मचारीलाई निष्क्रिय बनाएर करार तथा अन्य कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्ने प्रवृत्तिप्रति समेत असन्तुष्टि व्यक्त गरेका थिए । उनले कर्मचारी संयन्त्रलाई चुस्त, सक्रिय र उत्तरदायी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्न सिडिई साहलाई निर्देशन दिएका छन् ।

त्यसैगरी आर्थिक वर्षको अन्त्यतिर कार्यालय र ठेकेदारबीच हुने अस्वाभाविक चलखेल, अनावश्यक भेटघाट तथा अपारदर्शी गतिविधिप्रति समेत प्रशासनले चासो व्यक्त गरेको छ । प्रजिअ मिश्रले कार्यालयको कामकाजमाथि प्रश्न उठ्ने कुनै पनि गतिविधि स्वीकार्य नहुने स्पष्ट पार्दै कार्यालय समयबाहेक हुने अनावश्यक समन्वय र व्यक्तिगत सम्बन्धका कारण सरकारी काम प्रभावित हुन नहुने बताएका स्रोतको दाबी छ ।

जिल्ला प्रशासन कार्यालयले विकास निर्माणसँग सम्बन्धित कार्यालयहरूमा पछिल्लो समय बढ्दो जनगुनासो, काममा ढिलासुस्ती, गुणस्तरहीन निर्माण तथा आर्थिक अनियमिततासम्बन्धी उजुरीलाई गम्भीरतापूर्वक लिएको बताइएको छ । यही सन्दर्भमा पूर्वाधार विकास कार्यालयलाई विशेष निगरानीमा राखिएको चर्चा समेत प्रशासनिक वृत्तमा चलिरहेको छ ।

यस विषयमा प्रतिक्रिया लिन पूर्वाधार विकास कार्यालय कलैयाका सिडिई ओमकुमार साहसँग सम्पर्क गर्दा उनले सोमबार मात्र कार्यालयमा हाजिर भएको जानकारी दिए । प्रजिअसँगको भेटबारे उनले प्रशासन प्रमुखले कार्यालयलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगले सञ्चालन गर्न निर्देशन दिएको स्वीकार गरे ।

साहले आर्थिक वर्ष २०८२/०८३ को प्रारम्भिक चरण तथा अघिल्लो वर्षका बाँकी कामहरूको व्यवस्थापनका कारण बिहान-बेलुका समेत काम गर्नुपर्ने अवस्था रहेको बताए । उनले कार्यालयको संवेदनशीलता र कार्यचापलाई ध्यानमा राख्दै आवश्यक सुरक्षा व्यवस्था मिलाइदिन प्रमुख जिल्ला अधिकारीसँग आग्रह गरेको पनि जानकारी दिए ।

पछिल्लो समय बारा जिल्लामा विकास निर्माणका काममा पारदर्शिता, गुणस्तर र जवाफदेहिताको विषयलाई लिएर व्यापक बहस भइरहेका बेला प्रमुख जिल्ला अधिकारीबाट आएको यो निर्देशनलाई अर्थपूर्ण रूपमा हेरिएको छ । प्रशासनले स्पष्ट रूपमा सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेको सन्देश दिएको विश्लेषण

बाँकी तेश्रो पृष्ठमा

## नक्कली छोरी बनाएर नागरिकता दिलाएको आरोपमा वीरगंजका मेयर राजेशमान सिंहविरुद्ध भ्रष्टाचार मुद्दा

**शु.आ. सम्बाददाता**
**बारा, २५ जेठ**

वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहमाथि अर्काकी छोरीलाई आफ्नी छोरीका रूपमा देखाएर नेपाली नागरिकता दिलाएको गम्भीर आरोप पुष्टि भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले मेयर सिंहसहित सात जनाविरुद्ध भ्रष्टाचार, सरकारी कागजात कीर्ते, झुट्टा विवरण पेश तथा प्रमाण नष्ट गरेको आरोपसहित अभियोगपत्र दर्ता गरेपछि वीरगंजको राजनीतिक वृत्तमा ठूलो तरंग उत्पन्न भएको छ ।




अख्तियारले आरोपपत्र दर्ता गरेसँगै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ अनुसार मेयर सिंह स्वतः पदबाट निलम्बनमा परेका छन् । अब अदालतबाट अन्तिम फैसला नआउँदासम्म उनले मेयरको हैसियतमा कुनै पनि प्रशासनिक, वित्तीय वा नीतिगत अधिकार प्रयोग गर्न पाउने छैनन् । भ्रष्टाचार मुद्दा खेप्दै पदबाट निलम्बित हुने उनी मुलुककै महानगरपालिकाको इतिहासमा पहिलो मेयर बनेका छन् ।

अख्तियारका अनुसार सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-१० निवासी रीता भट्टराईकी छोरीलाई राजेशमान सिंहकी छोरी "रुविना श्रेष्ठ" का रूपमा देखाउने योजनाबद्ध षड्यन्त्र रचिएको थियो ।

अनुसन्धानबाट खुलेअनुसार मेयर सिंह आफैँ सूचक बनेर वीरगंज महानगरपालिका वडा नं. ३ मा जन्मदर्ताको फाराम भरेका थिए । उनले बालिकाको वास्तविक पारिवारिक विवरण लुकाउँदै आफ्नी छोरी भएको झुट्टा विवरण पेश गरेका थिए । सोही आधारमा २०७१ कात्तिक २० गते जन्मदर्ता प्रमाणपत्र जारी गरिएको थियो ।

अख्तियारको दाबी छ, उक्त जन्मदर्ता वास्तविक तथ्यमा आधारित नभई सरकारी अभिलेखलाई प्रभावित पार्ने उद्देश्यले तयार गरिएको झुट्टा कागजात थियो ।

जन्मदर्ता प्राप्त भएपछि त्यसैलाई आधार बनाएर नागरिकताको सिफारिस तयार गरिएको थियो । त्यसपछि जिल्ला प्रशासन कार्यालय पर्साबाट २०७५ साउन १३ गते "रुविना श्रेष्ठ" को नाममा नेपाली नागरिकता प्रमाणपत्र जारी गरिएको अनुसन्धानबाट खुलेको छ ।

नागरिकता जस्तो संवेदनशील दस्तावेज प्राप्त गर्न सरकारी संयन्त्रकै विभिन्न तह प्रयोग गरिएको र त्यसका लागि अभिलेखहरूमा छेडछाड गरिएको अख्तियारको निष्कर्ष छ ।

आयोगका अनुसार यस प्रक्रियामा सरकारी कागजात अनधिकृत रूपमा सच्याउने, केरमेट गर्ने, झुट्टा विवरण प्रविष्ट गर्ने तथा प्रमाणहरू नष्ट गर्नेसम्मका कार्य भएका थिए ।

अख्तियारले यो कार्य कुनै एक व्यक्तिबाट सम्भव नभएको निष्कर्ष निकाल्दै विभिन्न सरकारी कर्मचारी तथा जनप्रतिनिधिको समेत संलग्नता रहेको जनाएको छ ।

बाँकी तेश्रो पृष्ठमा

## बाराको गम्हरिया चौकमा उपभोक्ता माथि पेट्रोल ठगीको गुनासो, बोतलमा कम परिणाम दिएको आरोप

**शु.आ. सम्बाददाता**
**कलैया, २५ जेठ**

पेट्रोल प्रतिलिटर मूल्य २१५ रुपैयाँ तोकिएको भए पनि बाराको गम्हरिया चौकस्थित गण्डक नहर क्षेत्रमा उपभोक्ताहरूले महँगो दरमा कम परिमाणको पेट्रोल किन्न बाध्य भएको गुनासो बढेको छ । स्थानीयवासीका अनुसार त्यहाँ बोतलमा बिक्री हुने पेट्रोलको नाममा प्रति बोतल २५० रुपैयाँ असुली गर्दै करिब ८ सय ग्राम मात्र पेट्रोल दिइने गरिएको छ ।



स्थानीय रन्जित कुमारले बताए अनुसार सो स्थानमा मिटरको प्रयोग समेत नगरी न्यून परिमाणमा पेट्रोल बिक्री भइरहेको छ । "एक बोतल पेट्रोल २५० रुपैयाँ तिर्दा पनि १ लिटर नपुग्ने मात्र दिइन्छ," उनले गुनासो गरे ।

उपभोक्ताहरूले मूल्यभन्दा बढी रकम लिएर कम इन्धन उपलब्ध गराउने कार्य खुलेआम भइरहे पनि सम्बन्धित निकायले अनुगमन नगरेको आरोप लगाएका छन् ।

स्थानीयले यस्तो गतिविधिले उपभोक्ता अधिकारको उल्लंघन भएको भन्दै तत्काल अनुगमन र कारबाहीको माग गरेका छन् ।

यता सम्बन्धित निकायको ध्यान नपुग्दा लामो समयदेखि यस्ता गतिविधि निरन्तर चलिरहेको स्थानीयको भनाइ छ । उपभोक्ताले पेट्रोलको गुणस्तर र परिमाण दुवैमा ठगी हुने अवस्था अन्त्य गर्न कडा अनुगमन आवश्यक रहेको बताएका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### देवाही गोनाहीमा कालोपत्रे सडकमा अनियमितताको आरोपः विकास कि लापरवाही?

रौतहटको देवाही गोनाही नगरपालिका-४ स्थित रामजानकी मठदेखि ईमलिया टोलसम्मको कालोपत्रे सडक निर्माण कार्य फेरि एकपटक सार्वजनिक विकास निर्माणको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाउने विषय बनेको छ । विकासका नाममा सञ्चालन गरिएका यस्ता योजनामा देखिने अनियमितता र लापरवाही अब नौलो विषय रहेन, तर यसपटकको आरोपले सम्बन्धित निकायहरुको जिम्मेवारीप्रति नै गम्भीर शंका पैदा गरेको छ ।

स्थानीयवासीले उठाएका आरोपअनुसार सडक निर्माणमा आवश्यक प्राविधिक मापदण्डको खुलेआम उल्लंघन गरिएको छ । हतार-हतारमा गुणस्तरहीन काम भइरहेको र निर्माण सामग्री तथा प्रक्रिया दुवैमा सम्झौता गरिएको दाबी गरिएको छ । सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका प्राविधिक इन्जिनियर र ठेकेदार पक्षबीच मिलोमतो भएको आरोपले विषयलाई झनै संवेदनशील बनाएको छ । सार्वजनिक विकास निर्माणमा पारदर्शिता अनिवार्य सर्त हो । तर उक्त सडक खण्डमा योजनाको लागत, ठेक्का विवरण, निर्माण अवधि र जिम्मेवार पक्षको जानकारीसमेत समेटिएको सूचना बोर्ड नराखिनुले पारदर्शितामाथि प्रश्न उठाएको छ । सूचना लुकाएर गरिएको कामले अनियमितताको आशंकालाई थप बल पुऱ्याउनु स्वाभाविक देखिन्छ ।

स्थानीय तहदेखि प्राविधिक निकायसम्मको कमजोर अनुगमन र सम्भावित मिलोमतोका कारण राज्यकोषको दुरूपयोग भइरहेको आरोप गम्भीर रुपमा लिनुपर्ने देखिन्छ । विकास निर्माण केवल खर्चको विषय होइन, जनताको विश्वाससँग जोडिएको जिम्मेवारी हो । तर जब गुणस्तरमै सम्झौता हुन्छ, त्यसले दीर्घकालीन रुपमा जनजीवनमै असर पार्छ–धूलो, हिलो र असुरक्षित यात्राको रुपमा । यसबीच राजनीतिक तथा सामाजिक स्तरबाट समेत अनुगमन र कारबाहीको माग उठ्नु सकारात्मक संकेत हो । तर यस्ता मागहरु केवल वक्तव्यमा सीमित हुनु हुँदैन । सम्बन्धित निकायले तत्काल स्थलगत अनुगमन, प्राविधिक परीक्षण र आवश्यक परेमा कानुनी कारबाही अघि बढाउन ढिलाइ गर्नु हुँदैन । सडक निर्माणमा लापरवाही भएको प्रमाणित भएमा दोषी जो भए पनि उन्मुक्ति नदिनु राज्यको दायित्व हो । विकासका नाममा हुने यस्ता कमजोरीलाई बेवास्ता गरिरहने हो भने "विकास" शब्द नै अविश्वासको पर्याय बन्ने खतरा रहन्छ ।

# दुई कित्ता : परिवर्तन कि भ्रम ?



मेखराज उदय

आज शेरबहादुर देउवाको स्थानमा गगन थापा । हाल कांग्रेस दुई कित्तामा उभिएको छ ।

रिचर्ड काड्रेको मर्मस्पर्सी भनाइ छ– 'यदि तिमी जल्दै गरेको घरमा पैदा भएका हौ भने, तिमीलाई लाग्दछ कि पूरा दुनिया"मा आगो लागिसकेको छ । तर त्यस्तो होइन ।' सन् १९५७ मा अमेरिकामा जन्मिएका काड्रे विख्यात उपन्यासकार, लेखक र फोटोग्राफर हुन् । नेपाली कांग्रेसका सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माको नया" नेतृत्वप्रति काड्रेको यो कथन बिम्बात्मक रूपमा तुलना गर्न सकिन्छ ।

भदौ २३ र २४ गतेको जेन–जी विद्रोहमा कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा तथा महामन्त्रीद्वय गगन–विश्वलगायत अधिकांश नेताको निवासमा आगो लगाएर ध्वस्त पारियो । उसो त एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा संयोजक पुष्पकमल दाहाललगायत धेरै नेताका निजी निवास खरानी बनाइए । यद्यपि यो लेख मूलतः कांग्रेस र यसका नवनिर्वाचित सभापति थापा तथा उपसभापति शर्माप्रति लक्षित छ । त्यो हत्या, विद्रोह, ध्वंस र आगोको लप्कापश्चात् अन्ततः विशेष महाधिवेशनमार्फत कांग्रेसले नया" र ऊर्जाशील भनिएको नेतृत्व प्राप्त गऱ्यो । मानिसहरू जान्दछन्, गगन कांग्रेसभित्र भन्दा गैरकांग्रेसीजनमा अधिक लोकप्रिय छन् । कारण, उनीमा जनमानसको अपेक्षा बुझेर तालिका खातिर एवं सार्वजनिक खपतका निम्ति आकर्षक भाषण गर्ने कला छ । मिडिया, सामाजिक मिडिया प्रयोगमा उनी चतुर छन् । अन्यथा कार्य कुशलता र क्षमताका दृष्टिले महामन्त्रीद्वयको कार्यकाल खास प्रभावकारी भने देखिएन । अतः गगन कांग्रेस सभापति बन्दा गैरकांग्रेसीजन रोमाञ्चित भएका थिए, छन् । कांग्रेसीजन कति खुसी भए, त्यो भने निर्वाचन परिणामले देखाइदियो । किनकि खराब परिस्थितिबीच गगन–विश्वमाथि कांग्रेसको जनमत कम्तीमा यथावत् राख्ने चुनौती थियो ।

नेपाली कांग्रेस लोकतन्त्रको निम्ति निरन्तर लडेको पार्टी हो । स्मरणीय छ, राजाको जेठो छोरो नै राजा हुने २४० वर्षे पारिवारिक विरासत बोकेको शाही राजतन्त्रको अन्त्य कांग्रेसकै नेतृत्वमा भएको हो । माओवादीको १० वर्षे सशस्त्र द्वन्द्व र २०६२/०६३ सालको १९ दिने जनआन्दोलनको जगमा तत्कालीन संसदादी सात दल र विद्रोही माओवादीबीचको सम्झौताबाट मुलुक गणतन्त्रमा प्रवेश गऱ्यो । त्यो ऐतिहासिक उपलब्धिका निम्ति कांग्रेसको स्थापित लोकतान्त्रिक छवि तथा सभापति गिरिजाप्रसाद कोइरालाको निर्णय क्षमता एवं 'टावरिङ पर्सनालिटी'ले मुख्य र निर्णायक भूमिका खेल्यो ।

यही आलोकमा प्रश्न उठ्ला, पहिलो– राजतन्त्रको विरुद्ध वा गणतन्त्र स्थापना निम्ति गगन थापा स्वयं कांग्रेसभन्दा अघि संघर्षमा उत्रिएका व्यक्ति हुन् । अर्को प्रश्न, उनीहरू कांग्रेसमा कोइराला परिवार वा गणेशमान सिंह आदि नेताका पारिवारिक विरासतका व्यक्ति पनि होइनन् । अनि गगन–विश्वलाई कसरी कांग्रेस विरासतका युवराज घोषणा गर्न मिल्छ ? प्रश्न जाग्नु स्वाभाविक छ ।

कांग्रेस कस्तो र कसको पार्टी ? :

नेपाली कांग्रेसका प्रमुख संस्थापक नेता हुन्, विश्वेश्वरप्रसाद (बीपी) कोइराला । टंकप्रसाद आचार्य, बीपी हु"दै हाल गगन थापासम्म गरी जम्मा नौ जना कांग्रेसका सभापति बने । जसमा सुवर्णशमशेर राणा (राणा), शेरबहादुर देउवा (ठकुरी) र गगन थापा (क्षत्री) गरी तीन जना गैरब्राह्मणबाहेक अन्य ६ जना पहाडे बाहुन हिन्दु पुरुष नै कांग्रेस सभापति बने । अर्थात् हालसम्म आर्य–खसबाहेक अन्य जातीय, धार्मिक समुदाय र महिला कांग्रेस सभापति पदमा अयोग्य ठहरिँदै आएको छ । र निकट भविष्यमा कोही बन्ने सम्भावना पनि देखिँदैन ।

दलित, आदिवासी जनजाति, मुस्लिम, महिला आदि समुदाय कांग्रेसको सर्वोच्च पद सभापतिमा कांग्रेसको अस्तित्व रहुञ्जेल पुग्ने सम्भावना शून्य प्रायः छ । यति दाबी गर्नु अतिरञ्जना हु"दैन । अतः आर्य–खस प्रतिनिधिका हैसियतले गगन–विश्व स्वाभाविक रूपमै नेतृत्व दाबी गर्ने विरासतका 'युवराज' थिए र हुन् । (अन्य अर्थ नलागेमा गगन–विश्वलाई यहा" प्रतीकको रूपमा लिइएको छ ।) उनीहरू पश्चात् पनि सोही समुदायकै अरु कोही हुनेमा प्रायः निश्चिन्त छ । कांग्रेस लोकतान्त्रिक समाजवादी सिद्धान्तलाई अवलम्बन गर्दै आएको दल हो । उसको अवस्था 'सेन्टर टु लेफ्ट' अर्थात् वामपन्थ हो । कांग्रेसका प्रमुख नेता बीपी कोइराला मार्क्सवादबाट निकै प्रभावित थिए । भन्नेले त कांग्रेस भन्नु नै बीपीको समाजवाद हो भन्ने गर्छन् । यद्यपि लोकतान्त्रिक समाजवादका प्रणेता बीपी किमार्थ होइनन् । यो सिद्धान्तप्रति गगन नेतृत्व सकारात्मक छैन भन्ने गरिन्छ, त्यो भविष्यमा प्रस्ट होलान् नै । कांग्रेसको मूल आदर्श र विधि 'फ्रिडम फर डिस्कसन, युनाइट फर एक्सन( बहसमा स्वतन्त्रता र निर्णयमा एकता ) हो ।'

आश्चर्य यो छ कि, यो मान्यता मार्क्सवादीहरूको भएता पनि कांग्रेसले अनुसरण गरेको छ । कांग्रेस प्रत्येक्ष निर्वाचित कार्यकारी प्रमुख अर्थात् सभापतीय प्रणालीबाट शासित छ । तर मुलुकको शासकीय पद्धति भने त्यस संसदीय व्यवस्थामा जीवन पर्यन्त अविचलित हु"दै आएको छ । यो अर्को विवादास्पद काम हो । २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसका जेलमा रहेका नेता टंकप्रसाद आचार्यको सभापतित्वमा बीपी कोइराला कार्यवाहकसभापति र अन्यसहित देवव्रत परियार सदस्य बने ।

यसरी कांग्रेस संस्थापक सदस्य दलित समुदायका व्यक्ति समावेश थिए । पछि २००९ सालमा वीरगन्जमा सम्पन्न पाँचौं महाधिवेशनबाट धनमान सिंह परियार महामन्त्री नियुक्त भए । परशुनारायण चौधरी (पछि दरबारिया बन्दै राजपरिषद् स्थायी समितिका सभापतिसमेत बनेका), महेन्द्रनारायण निधि आदि व्यक्तिहरू पनि कांग्रेस महामन्त्री बने । यद्यपि, कांग्रेसमा सभापति नै मुख्य कार्यकारी पद हुने हु"दा सभापतिबाहेक अन्य पदाधिकारी करिब नाम मात्रका हुने अभ्यास र परम्परा छ ।

काठमाडौं महानगरपालिकाका मेयर हुँदै वालेन्द्र शाह हाल मुलुकको प्रधानमन्त्री छन् । काठमाडौं महानगर प्रमुखमा वालेन्द्रको अप्रत्याशित जितमा गगन थापाको प्रत्यक्ष/परोक्ष सहयोग रहेको राजनीतिक वृत्तमा आशंका गरिन्छ । यसलाई पुष्टि गर्ने केही आधार छन् । २०७८ मंसिरमा कांग्रेसको चौधौं महाधिवेशन सम्पन्न भएको थियो । कांग्रेस नेता प्रकाशमान सिंहले सभापतिका उम्मेदवार शेखर कोइरालालाई सहयोग गर्ने अपेक्षा शेरबहादुर देउवालाई विजयी बनाउन सहयोग गरे । परिणामतः देउवाले जिते । शेखर समूहबाट महामन्त्री निर्वाचित भएका गगनको काठमाडौंमा राम्रो प्रभाव थियो ।

प्रकाशमानकी श्रीमतीसमेत रहेकी मेयरमा कांग्रेसकी तत्कालीन उम्मेदवार सिर्जना सिंहलाई गगन समूहले सहयोग नगरेका कारण वालेन्द्र शाहले मेयरमा बाजी मारे । जसका कारण उनको यो राजनीतिक उचाइ प्राप्त भएको एकाथरीको बुझाइ छ । २०७९ पुस ६ गते प्रनिनिधिसभा कांग्रेस संसदीय दलको नेतामा शेरबहादुर देउवाले अर्का प्रत्यासी गगन थापालाई पराजित गरे । केही समय चुप लागेका पराजित थापा पुनः संसदीय दलको नेता बन्ने घोषणा गर्दै हि"डे । त्यतिमात्रै होइन, त्यसको केही समयपश्चात् फेरि शेखर कोइरालालाई दल नेता बन्न सार्वजनिक आग्रह गर्न थाले । यस्ता क्रियाकलापले उनको नेतृत्व क्षमता र परिपक्वतामाथि प्रश्न खडा गऱ्यो । त्यस्तै, कोशी प्रदेश संसदीय दलमा गगन–शेखर समूहले गरेको विद्रोह र पार्टीको निर्णय एमालेको सहयोगमा केदार कार्कीलाई मुख्यमन्त्री बनाइएको घटना संसदीय व्यवस्थाको मर्यादा, अभ्यास र परम्परा प्रतिकूल थियो । सभापति देउवाको सदासयता नभइदिएको भए, त्यो कदम उतिबेलै पार्टी फुटको कारण बन्न सक्थ्यो । २०८२ जेठ ४ गते एक अनलाइनस"ग कुरा गर्दै तत्कालीन महामन्त्री गगन थापाले निकै विवादित र असंवैधानिक अभिव्यक्ति दिए ।

गगनको मत थियो– 'राज्यको धर्म हुन्छ, त्यसैले नेपाल धर्मनिरपेक्ष हुन मिल्दैन' (रातोपाटी) । उनले धर्म निरपेक्षताको सट्टा धार्मिक स्वतन्त्रता हुनुपर्ने आफ्नो अप्रत्याशित मत व्यक्त गरे । हुन त उनले चातुर्यपूर्वक राज्यको कर्तव्य र दायित्वलाई राज्यधर्मको रूपमा व्याख्या गरे । तथापि उनको मुख्य अभिव्यक्ति स्पष्ट थियो । गगन–विश्वले भन्दै आएका छन्, सभापति देउवा र एमाले अध्यक्ष ओलीबीच बनेको हठात् सत्ता गठबन्धनको पूर्व जानकारी हामीलाई थिएन । हामीस"ग सल्लाह गरिएन, हामीले पनि मिडियामार्फत नै थाहा पायौं । महामन्त्रीद्वय सरकारमा सहभागी भएनन् । यो सूचनालाई पुष्टि हुने गरी सरकारले लगानीसम्बन्धी गरेको केही ऐन संशोधनमा गगनले सार्वजनिक अपनत्व पनि स्वीकार गरे । अब प्रश्न उठ्छ, अब भविष्यमा कांग्रेसले लिने विविध निर्णयहरूमा गगन–विश्वले निर्णय गर्दा उनका महामन्त्रीहरूले पनि मिडियामार्फत नै थाहा पाउनुपर्ने विडम्बनाको अन्त्य होला ?

कांग्रेस अहिले पनि जातीय विरासतमै संस्थागत भएको छ । सभापतिदेखि महामन्त्रीद्वयसम्म कही" पनि जातीय, क्षेत्रीय समावेशीता लागू गरिएन । हिजो कोइरालाहरूको ठाउ"मा देउवा आए । आज देउवाको स्थानमा थापा । उमेरको बाहेक जात, समुदाय, क्षेत्र मुद्दा, भिजनमा कुनै फरक छैन । गगन थापाले कांग्रेस हारको नैतिक जिम्मेवारी लिँदै सभापति पदबाट राजीनामा गरे । उनको केन्द्रीय कार्य समितिले गगनको राजीनामा अस्वीकार गऱ्यो । उनी पुनः निर्लज्ज पदमै रहे । अरूमाथि सवाल उठाउन माहिर थापालाई नैतिकता सिकाउने हैसियत यो मुलुकमा सायदै कोही कसैस"ग होला ?

हाल कांग्रेस दुई कित्तामा उभिएको छ । बालेनले सरकार सम्हालेलगत्तै एमाले अध्यक्ष ओली तथा उनी नेतृत्वको सरकारका गृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखक पक्राउ परे । उक्त घटनाको प्रतिरक्षा निम्ति एमाले संघर्षमा उत्रियो । एमालेले लेखकको समेत रिहाइको माग गऱ्यो । कांग्रेसमा भने देउवा पक्षले विरोध गरे पनि गगन पक्ष मौन रह्यो । रास्वपाको झन्डै दुइतिहाइको बलियो सरकार भएको अवस्थामा संसद्मा प्रमुख प्रतिपक्षी दलको भूमिका रचनात्मक र महत्वपूर्ण हुने गर्दछ । तथापि, कांग्रेस यो ऐतिहासिक भूमिका निर्वाह गर्न अझै तयार र योग्य देखिँदैन ।

त्यसैले आम जनसाधारण, उत्पीडित समुदाय गगन–विश्वको नेतृत्वप्रति हर्षविभोर हुनुको वस्तुगत आधार छैन । यसो भनिरह"दा पंक्तिकारमाथि निराशा फैलाएको आरोप लाग्न सक्छ । तर जिम्मेवार नेतृत्वमा रहेकाले सार्वजनिक प्रश्नहरूको जवाफ दिन सधैं तयार रहनु पर्दछ । अन्त्यमा फ्रान्सेली दार्शनिक तथा ज्यामिति गणितका आविष्कारक रेने देकार्तको प्रासंगिक भनाइ राख्दै लेख टुंग्याउछु । उनी भन्छन्– 'सत्यको खोजका लागि जीवनमा कमसे कम एक पटक हरेक चिजमाथि सन्देह गर्नु आवश्यक छ ।' प्रश्नभन्दा माथि कोही छैन, हुनु हुँदैन ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी
डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# चीन–उत्तर कोरिया सम्बन्धमा नयाँ मोड



***एजेन्सी-*** चीनका राष्ट्रपति सी जिनपिङ सात वर्षपछि पहिलोपटक उत्तर कोरियाको राजधानी प्योङयाङ पुगेका छन्। दुईदिने राजकीय भ्रमणका क्रममा उनले उत्तर कोरियाली नेता किम जोङ उनसँग उच्चस्तरीय वार्ता गर्दै द्विपक्षीय सम्बन्ध, आर्थिक सहकार्य र क्षेत्रीय सुरक्षाका विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ।

विश्लेषकहरूका अनुसार यो भ्रमणले उत्तर कोरियामाथि चीनको प्रभाव पुनः बलियो बनाउने र बदलिँदो अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा बेइजिङको भूमिका थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ।

चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार सीसँग उहाँकी पत्नी पेङ लियुआन, विदेशमन्त्री वाङ यी तथा चिनियाँ कम्युनिष्ट पार्टीका वरिष्ठ अधिकारीहरू पनि प्योङयाङ पुगेका छन्। गत वर्ष बेइजिङमा भएको भेटपछि सी र किमबीचको यो पहिलो औपचारिक शिखर वार्ता हो।

भ्रमणको विस्तृत कार्यसूची सार्वजनिक नगरिए पनि जानकारहरूका अनुसार वार्ताको केन्द्रमा चीन-उत्तर कोरिया सम्बन्धको सुदृढीकरण, आर्थिक सहयोग विस्तार तथा क्षेत्रीय सुरक्षा अवस्था रहनेछ। दुवै देशले पछिल्ला वर्षमा अमेरिकासँग छुट्टाछुट्टै तनाव सामना गरिरहेका बेला पुरानो रणनीतिक साझेदारीलाई पुनः सक्रिय बनाउन खोजिरहेका छन्।

यो भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग सी जिनपिङले गत महिना गरेको शिखर वार्तापछि भएको हो। आगामी महिनाहरूमा सी र ट्रम्पबीच पुनः भेटवार्ता हुने अपेक्षासमेत गरिएको छ। विश्लेषकहरूका अनुसार उत्तर कोरियामाथिको प्रभाव प्रदर्शन गर्न सक्नु चीनका लागि अमेरिकासँगको कूटनीतिक प्रतिस्पर्धामा महत्त्वपूर्ण पक्ष बन्न सक्छ।

चीन लामो समयदेखि उत्तर कोरियाको प्रमुख आर्थिक साझेदार र कूटनीतिक समर्थक रहँदै आएको छ। अन्तर्राष्ट्रिय प्रतिबन्धका बाबजुद बेइजिङले प्योङयाङसँगको आर्थिक सम्बन्ध कायम राखेको छ। यस वर्ष दुवै देशबीचको पारस्परिक रक्षा सन्धिले ६५ वर्ष पूरा गरेको छ। यद्यपि पछिल्ला वर्षहरूमा उत्तर कोरियाले रुससँगको सम्बन्ध तीव्र रूपमा विस्तार गरेपछि चीन-उत्तर कोरिया सम्बन्धको अवस्थाबारे प्रश्न उठ्न थालेका थिए। युक्रेन युद्धका क्रममा उत्तर कोरियाले रुसलाई सैन्य सहयोग दिएको र बदलामा आर्थिक तथा सैन्य सहायता प्राप्त गरेको विवरण सार्वजनिक हुँदै आएका छन्। यस्तो अवस्थामा सीको भ्रमणलाई चीनले आफ्नो परम्परागत प्रभाव पुनः सुदृढ गर्न खोजेको संकेतका रूपमा हेरिएको छ।

उत्तर कोरियाको सरकारी पत्रिका रोडोङ सिनमुनमा प्रकाशित लेखमा सीले चीन र उत्तर कोरियाले रणनीतिक सहकार्यलाई अझ मजबुत बनाउँदै 'आधिपत्यवाद' र 'जबरजस्ती राजनीति' विरुद्ध मिलेर उभिनुपर्ने उल्लेख गरेका छन्। उनले बहुध्रुवीय विश्व व्यवस्थाको निर्माणका लागि दुवै देशबीच सहकार्य आवश्यक रहेको पनि बताए।

विश्लेषकहरूका अनुसार चीनले उत्तर कोरियालाई समूह पर्यटक भ्रमण पुनः सुरु गर्ने, खाद्यान्न तथा मल आपूर्ति बढाउने र संयुक्त आर्थिक परियोजनाहरू विस्तार गर्ने प्रस्ताव गर्न सक्छ। उत्तर कोरिया रुसमा मात्र निर्भर रहन नसक्ने भएकाले चीनसँगको सम्बन्धलाई पनि समान रूपमा प्राथमिकता दिनुपर्ने आवश्यकता महसुस गरिरहेको बताइन्छ।

भ्रमणको अर्को महत्त्वपूर्ण पक्ष उत्तर कोरियाको आणविक कार्यक्रम हो। विज्ञहरूका अनुसार सीले किममाथि प्रत्यक्ष रूपमा आणविक निःशस्त्रीकरणको दबाब दिनुभन्दा कोरियाली प्रायद्वीपमा शान्ति र स्थिरताको सन्देशमा जोड दिन सक्छन्। किम भने उत्तर कोरियालाई आणविक शक्ति सम्पन्न राष्ट्रका रूपमा अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रयासमा केन्द्रित देखिन्छन्।

गत महिना ट्रम्प र सीबीच भएको भेटपछि अमेरिकी पक्षले उत्तर कोरियाको आणविक निःशस्त्रीकरणलाई साझा लक्ष्यका रूपमा पुनः पुष्टि गरिएको जनाएको थियो। तर चीनले केवल कोरियाली प्रायद्वीपको आणविक विषयमा छलफल भएको मात्र उल्लेख गरेको थियो। आइतबार किमकी बहिनी तथा वरिष्ठ अधिकारी किम यो जोङले अमेरिकी व्याख्यालाई 'भ्रामक' भन्दै अस्वीकार गरेका थिए।

यसैबीच किम जोङ उनले हालै नयाँ आणविक सामग्री उत्पादन केन्द्रको अवलोकन गर्दै देशको आणविक क्षमता तीव्र गतिमा विस्तार गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन्। उनले नयाँ युद्धपोतको समुद्री परीक्षणसमेत अवलोकन गर्दै परमाणु हतियारयुक्त नौसैनिक शक्ति निर्माणलाई तीव्र बनाउन निर्देशन दिएका थिए।

अमेरिका र दक्षिण कोरियाबाट आएका वार्ताका प्रस्तावहरू अस्वीकार गर्दै आएको उत्तर कोरियाले आफ्नो आणविक कार्यक्रम विस्तारलाई प्राथमिकतामा राखेको छ। त्यसैले सी जिनपिङको यो भ्रमणलाई केवल दुई देशबीचको नियमित कूटनीतिक भेटघाट नभई उत्तरपूर्वी एसियाको बदलिँदो शक्ति समीकरणलाई प्रभावित पार्ने महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ। अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो। करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ। तपाई हाम्रो सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ। त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं। वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरूद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं।
-बाढीपहिरो तथा अन्इ कारणबाट सडक तथा संरचनाहरू अवरूद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं।

पूर्वाधार विकास कार्यालय, बारा











## कोल्हवी.......

सुशासनका लागि चुनौतीपूर्ण विषय भएको सरोकारवालाहरूको भनाइ छ। महालेखाले सम्परीक्षण विवरणमा आर्थिक वर्ष २०७८/०७९ अन्तर्गतको यातायात सुविधा सम्बन्धी शीर्षकमा रहेको २३ लाख ९० हजार रुपैयाँ बेरुजु मात्र फछ्र्योट भएको उल्लेख गरेको छ। तर कुल बेरुजुको आकारसँग तुलना गर्दा यो रकम अत्यन्त न्यून रहेको देखिन्छ। यसले नगरपालिकाले बेरुजु फछ्र्योटलाई प्राथमिकताका साथ अघि बढाउन नसकेको संकेत गर्छ। स्थानीय तहमा विकास निर्माण, सेवा प्रवाह तथा जनप्रतिनिधिमूलक शासनलाई प्रभावकारी बनाउन आर्थिक अनुशासन अपरिहार्य मानिन्छ। तर कोल्हवी नगरपालिकामा वर्षौंदेखि बेरुजु रकम उच्च रहनुले सार्वजनिक खर्चको पारदर्शिता र जवाफदेहितामाथि प्रश्न खडा गरेको छ। महालेखाको प्रतिवेदनले औंल्याएका विषयहरूलाई गम्भीर रूपमा लिएर सुधारका कदम नचालिए आगामी वर्षहरूमा बेरुजुको आकार अझ बढ्न सक्ने जोखिम रहेको विज्ञहरू बताउँछन्।

नगरपालिकाले महालेखाले औंल्याएका त्रुटिहरू सच्याउने, आवश्यक कागजात तथा प्रमाण पेश गर्ने, असुलउपर गर्नुपर्ने रकम तत्काल असुल गर्ने र आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउनेतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ। अन्यथा करोडौं रुपैयाँको बेरुजु स्थानीय सरकारको वित्तीय विश्वसनीयतामाथि निरन्तर प्रश्न उठाइरहने निश्चित छ।

महालेखा परीक्षकको प्रतिवेदनले कोल्हवी नगरपालिकामा आर्थिक सुशासनको अवस्था सुधार गर्न अझै धेरै काम गर्न बाँकी रहेको स्पष्ट सन्देश दिएको छ। सार्वजनिक धनको पारदर्शी र उत्तरदायी व्यवस्थापन सुनिश्चित गर्न नगरपालिकाले अब परिणाममुखी सुधार अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

## नक्कली.........

वीरगंज महानगरपालिका वडा नं. ३ का तत्कालीन वडा सचिव भिखारी राय र तत्कालीन वडा सदस्य तथा कार्यवाहक वडा अध्यक्ष तुफैल अख्तर ठकुराईले झुटा विवरणका आधारमा जन्मदर्ता प्रमाणपत्र जारी गरिदिएको आरोप छ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षडकुमार पोखेलले सोही जन्मदर्तालाई आधार मानेर नागरिकता जारी गर्ने भूमिका खेलेको अख्तियारले जनाएको छ। उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, ११ र १२ अन्तर्गत कैद र जरिवानाको माग गरिएको छ। यो प्रकरणको सबैभन्दा गम्भीर पक्ष भनेको सत्यतथ्य पत्ता लगाउन गठन गरिएको सरकारी छानबिन समिति नै आरोपको घेरामा पर्नु हो। गृह मन्त्रालयले नागरिकता प्रकरणको छानबिन गर्न तत्कालीन उपसचिव पुस्कर रानाको संयोजकत्वमा समिति गठन गरेको थियो। समितिमा तत्कालीन शाखा अधिकृत पर्शुराम पोखरेल सदस्य थिए।

तर अख्तियारका अनुसार छानबिन समितिले वास्तविकता बाहिर ल्याउनुको सट्टा कसुरलाई ढाकछोप गर्ने प्रयास गरेको थियो।

वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयका अभिलेखहरूमा छेडछाड भएको, प्रमाणहरू नष्ट गरिएको र विवरणहरू फेरबदल गरिएको तथ्य स्पष्ट देखिँदादेखिँदै पनि समितिले यथार्थविपरीत प्रतिवेदन पेश गरेको आयोगको आरोप छ।

यसै आधारमा उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐनको दफा १९(२) अन्तर्गत मुद्दा दायर गरिएको छ।

अख्तियारले बालिकाकी वास्तविक आमा रीता भट्टराई र मेयर राजेशमान सिंहलाई यो प्रकरणका मुख्य योजनाकार तथा मतियारका रूपमा चित्रण गरेको छ। आयोगको आरोपपत्रमा उनीहरूले आपसी मिलेमतोमा झुट्टा विवरण खडा गरी नागरिकता दिलाउने कार्य गरेको उल्लेख छ। पदीय प्रभाव, व्यक्तिगत सम्बन्ध तथा लाभको उद्देश्यले गैरकानुनी कार्य सम्पन्न गरिएको निष्कर्ष निकाल्दै आयोगले उनीहरूलाई मुख्य कसुरदार सरह हदैसम्मको कैद र जरिवाना सजाय माग गरेको छ।

राजेशमान सिंह यसअघि यही प्रकरणसँग सम्बन्धित अनुसन्धानका क्रममा पक्राउ परेका थिए। उनी गत साता अदालतको आदेशमा धरौटीमा रिहा भएका थिए। तर धरौटीमा छुटेको केही दिनमै अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि उनको राजनीतिक भविष्य थप संकटमा परेको छ।

स्थानीय सरकारको सर्वोच्च पदमा बसेको व्यक्ति नै नागरिकता जस्तो संवेदनशील विषयमा नक्कली विवरण पेश गरी सरकारी अभिलेख दुरुपयोग गरेको आरोपमा अदालतको कठघरामा उभिनु लोकतान्त्रिक शासन प्रणालीका लागि गम्भीर विषय मानिएको छ।

नागरिकता राज्यको सार्वभौमिक अधिकारसँग जोडिएको दस्तावेज भएकाले त्यसमा हुने कुनै पनि प्रकारको चलखेललाई साधारण प्रशासनिक त्रुटिका रूपमा लिन नसकिने कानुनविद्हरू बताउँछन्।

अख्तियारले प्रस्तुत गरेको आरोपपत्रले वीरगञ्ज महानगरपालिकाको नेतृत्व, वडा प्रशासन, जिल्ला प्रशासन कार्यालय तथा गृह मन्त्रालयअन्तर्गतको छानबिन प्रणालीसम्मको विश्वसनीयतामाथि प्रश्न उठाएको छ। अब यो प्रकरण विशेष अदालतमा प्रवेश गरेको छ। अदालतको अन्तिम फैसला नआउँदासम्म आरोपितहरू कानुनी रूपमा दोषी प्रमाणित नभए पनि अख्तियारले सार्वजनिक गरेका तथ्यहरूले वीरगञ्ज महानगरको नेतृत्वमाथि अहिलेसम्मकै सबैभन्दा ठूलो कानुनी र नैतिक संकट खडा गरेको छ। स्थानीय तहमा सुशासन, पारदर्शिता र जवाफदेहिताको बहसलाई समेत यो घटनाले नयाँ मोड दिएको छ।

## प्रजिअ........

गरिएको छ।

अब पूर्वाधार विकास कार्यालय कलैयाले आगामी दिनमा आफ्नो कार्यशैलीमा कत्तिको सुधार ल्याउँछ, विकास योजनाको कार्यान्वयनलाई कति पारदर्शी बनाउँछ र जनविश्वास पुनः स्थापित गर्न कत्तिको सफल हुन्छ भन्ने विषय चासोका साथ हेरिएको छ। प्रशासनको निर्देशनपछि कार्यालयमाथि जनताको निगरानी र अपेक्षा दुवै बढेको देखिन्छ।



**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# बढनिहार साझेदारी वनमा आर्थिक अनियमितताको आरोप

***हरि किशोर शर्मा***
***पर्सा, २५ जेठ***

पर्साको विन्दवासिनी गाउँपालिका-कोइलाभारस्थित बढनिहार साझेदारी वन उपभोक्ता समूहमा आर्थिक अनियमितता, अपारदर्शी कारोबार तथा वनसम्बन्धी कानुनी व्यवस्थाको उल्लंघन भएको आरोप सार्वजनिक भएको छ। वन उपभोक्ता समूहका सदस्यहरूले अध्यक्ष रिजवानुल हकविरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सामा लिखित उजुरी दर्ता गराउँदै निष्पक्ष छानबिन तथा कानुनी कारबाहीको माग गरेका छन्।




प्रेमचन्द्र कोईरी, हिरमुनी देवी साह, निलम देवी मुखिया, उपनेश चौरसिया, मनक प्रसाद कुर्मी, अफताव आलम, रामबाबु कोईरी, विन्देसर प्रसाद चौरसिया, अशोक प्रसाद साह र जितेन्द्र मिश्रासहितका उपभोक्ताले दर्ता गराएको उजुरीमा अध्यक्ष हकले उपभोक्ता समूहको सामूहिक निर्णयविपरीत आर्थिक कारोबार सञ्चालन गरेको, आम्दानी-खर्चको विवरण गोप्य राखेको तथा बैंक खातासम्बन्धी जानकारी सदस्यहरूलाई नदिएको आरोप लगाइएको छ।

उजुरीमा अध्यक्षले वन उपभोक्ता समूहको संस्थागत प्रक्रिया र कानुनी व्यवस्था बेवास्ता गर्दै एकलौटी रूपमा समूह सञ्चालन गरिरहेको उल्लेख गरिएको छ। सदस्यहरूले पटक-पटक आर्थिक विवरण, बैंक स्टेटमेन्ट, निर्णय पुस्तिका तथा खर्चसम्बन्धी अभिलेख माग्दा समेत उपलब्ध नगराइएको र जानकारी माग्ने सदस्यहरूमाथि दबाब तथा धम्की दिने गरिएको दाबी गरिएको छ।

उपभोक्ताहरूले अध्यक्षको कार्यशैलीका कारण समूहभित्र पारदर्शिता र जवाफदेहिताको अवस्था कमजोर बन्दै गएको आरोप लगाएका छन्। उनीहरूका अनुसार वन उपभोक्ता समूहको रकम, आम्दानी र खर्चको विवरण प्रत्येक सदस्यलाई जानकारी गराउनु पदाधिकारीको कानुनी दायित्व भए पनि त्यसको पालना गरिएको छैन। उजुरीमा अध्यक्ष हकले वन ऐन, २०७६, वन नियमावली, २०७९ तथा समूहको विधानको भावना विपरीत आर्थिक गतिविधि सञ्चालन गरेको उल्लेख गरिएको छ। समूहको रकम दुरुपयोग वा हिनामिना भएको आशंका व्यक्त गर्दै निवेदकहरूले सम्पूर्ण आर्थिक कारोबारको स्वतन्त्र छानबिन गर्न माग गरेका छन्।

उपभोक्ताहरूले जिल्ला प्रशासन कार्यालयमार्फत समूहको बैंक खाताको विवरण, आम्दानी-खर्चको अभिलेख, निर्णय पुस्तिका, लेखा परीक्षण प्रतिवेदन तथा अन्य आर्थिक कागजातको सूक्ष्म अध्ययन गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन्।

उजुरीमा अध्यक्षले आफूलाई कानुनभन्दा माथि ठान्ने शैलीमा व्यवहार गर्दै "म अध्यक्ष हुँ, जे पनि गर्न सक्छु" भन्ने अभिव्यक्ति दिने गरेको आरोपसमेत लगाइएको छ। यस प्रकारको व्यवहारले समूहभित्र भय र असन्तोषको वातावरण सिर्जना भएको सदस्यहरूको दाबी छ।

वनसम्बन्धी प्रचलित कानुनी व्यवस्थाअनुसार उपभोक्ता समूहको सम्पत्ति, आम्दानी र स्रोतसाधन कुनै पनि व्यक्तिले व्यक्तिगत स्वार्थमा प्रयोग गर्न पाउँदैन। समूहको सम्पूर्ण आर्थिक कारोबार पारदर्शी, संस्थागत र सामूहिक निर्णयका आधारमा सञ्चालन हुनुपर्ने व्यवस्था छ। यदि आर्थिक हिनामिना, अधिकारको दुरुपयोग वा कानुन उल्लंघन भएको पुष्टि भए सम्बन्धित पदाधिकारीमाथि कानुनअनुसार कारबाही हुन सक्ने प्रावधान रहेको छ।

उजुरीकर्ताहरूले प्रमुख जिल्ला अधिकारीसमक्ष अध्यक्ष रिजवानुल हकलाई उपस्थित गराई निष्पक्ष अनुसन्धान गर्न, समूहको आर्थिक कारोबारको विशेष लेखापरीक्षण गराउन तथा दोषी देखिए कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन माग गरेका छन्।

यता, आफूमाथि लगाइएका आरोपबारे प्रतिक्रिया लिन खोज्दा अध्यक्ष रिजवानुल हकसँग सम्पर्क हुन सकेको छैन। आरोपबारे उनको धारणा सार्वजनिक हुन बाँकी रहेको छ।

जिल्ला प्रशासन कार्यालय पर्साले उजुरीमाथि के निर्णय लिन्छ र छानबिन प्रक्रिया कसरी अगाडि बढाउँछ भन्ने विषय अहिले वन उपभोक्ता समूहका सदस्यहरू तथा स्थानीयवासीहरूको चासोको केन्द्र बनेको छ। वन क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि गठन गरिएको संस्थामाथि नै आर्थिक अनियमितताको आरोप लागेपछि यस घटनाले स्थानीय तहमा सुशासन र पारदर्शितामाथि गम्भीर बहस सिर्जना गरेको छ।

# आर्थिक वर्ष अन्त्यअघि योजना तथा भुक्तानी प्रक्रिया टुंग्याउन सिम्रौनगढ नगरपालिकाको आग्रह

***शु.आ. सम्बाददाता***
***बारा, २५ जेठ***

सिम्रौनगढ नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को अन्त्य नजिकिँदै गर्दा भुक्तानी तथा खाता बन्द प्रक्रियालाई व्यवस्थित बनाउन उपभोक्ता समिति, निर्माण व्यवसायी, वडा कार्यालय तथा सम्बन्धित सरोकारवालालाई आवश्यक कागजात समयमै पेश गर्न आग्रह गरेको छ।




नगरपालिकाले सार्वजनिक गरेको सूचनाअनुसार चालु आर्थिक वर्षको वित्तीय कारोबार समयमै सम्पन्न गर्न तथा संघीय र प्रदेश सरकारसमक्ष समयमै प्रतिवेदन पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेकाले नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको काम सम्पन्न गरी भुक्तानी प्रक्रियाका लागि आवश्यक कागजात असार १५ गतेभित्र अनिवार्य रूपमा पेश गर्नुपर्ने जनाएको छ।

प्रमुख प्रशासकीय अधिकृत नवराज अधिकारीद्वारा जारी सूचनामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकमको लेखा अद्यावधिक गरी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको उल्लेख गरिएको छ।

सूचनामा वडा कार्यालय, विषयगत शाखा, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा नगरपालिकासँग सम्बन्धित फर्म, संघसंस्था र सरोकारवालालाई सम्बोधन गर्दै तोकिएको समयभित्र योजना सम्पन्न गरी अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीका लागि आवश्यक सम्पूर्ण कागजात पेश गर्न अनुरोध गरिएको छ।

नगरपालिकाले आर्थिक वर्षको अन्तिम समयमा हतारमा काम सम्पन्न गर्ने, कागजात अधुरा राख्ने तथा अन्तिम घडीमा भुक्तानी माग गर्ने प्रवृत्ति नियन्त्रण गर्न यो सूचना जारी गरिएको जनाएको छ। असार मसान्त नजिकिँदै गर्दा अधिकांश स्थानीय तहमा भुक्तानी र योजना फछ्र्योटको चाप बढ्ने भएकाले समयमै प्रक्रिया पूरा गर्न नगरपालिकाले विशेष आग्रह गरेको हो।

सूचनामा स्पष्ट रूपमा असार १५ गतेसम्म भुक्तानीसम्बन्धी कागजात पेश नगरेमा त्यसपछिको ढिलाइप्रति कार्यालय जिम्मेवार नहुने उल्लेख गरिएको छ। यसले तोकिएको समयभित्र प्रक्रिया पूरा नगर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी वा अन्य सेवाग्राहीले भुक्तानी प्राप्त गर्न कठिनाइ भोग्नुपर्ने संकेत गरेको छ।


स्थानीय तहमा आर्थिक वर्षको अन्त्यसँगै विकास निर्माणका कामको मूल्यांकन, भुक्तानी फछ्र्योट, बेरुजु व्यवस्थापन तथा वित्तीय प्रतिवेदन तयार गर्ने कार्य तीव्र हुने गर्दछ। यही सन्दर्भमा सिम्रौनगढ नगरपालिकाले समयमै कागजात पेश गरी भुक्तानी प्रक्रिया सहज बनाउन सबै पक्षसँग सहयोगको अपेक्षा गरेको छ।

नगरपालिकाको यो सूचनालाई आर्थिक अनुशासन कायम गर्ने तथा अन्तिम समयमा हुने अव्यवस्थित खर्च नियन्त्रण गर्ने प्रयासका रूपमा हेरिएको छ। अब सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सरोकारवाला निकायहरूले तोकिएको समयसीमाभित्र आवश्यक प्रक्रिया पूरा गर्छन् वा गर्दैनन् भन्ने विषय चासोका साथ हेरिएको छ।

# राष्ट्रिय स्वतन्त्र पार्टीको बारा जिल्ला अधिवेशन स्थगित

***शु.आ. सम्बाददाता***
***कलैया, २५ जेठ***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बारा जिल्ला अधिवेशन अन्तिम समयमा स्थगित गरिएको छ। पार्टीको केन्द्रीय निर्वाचन आयोगले एक अत्यन्त जरुरी सूचना जारी गर्दै आगामी जेठ २६ गते सञ्चालन हुने तय भएको जिल्ला अधिवेशन अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको जनाएको हो। केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन के.सी. द्वारा हस्ताक्षरित सूचनामा "विविध अपरिहार्य कारण" का कारण अधिवेशन स्थगित गरिएको उल्लेख गरिएको छ। यद्यपि अधिवेशन रोक्नुका पछाडिका ठोस कारणहरू भने खुलाइएको छैन।





जेठ २५ गते जारी गरिएको सूचनाअनुसार बारा जिल्लामा निर्धारित अधिवेशनका सम्पूर्ण कार्यक्रम अर्को निर्णय नभएसम्मका लागि रोकिएको छ। आयोगले अधिवेशन पुनः सञ्चालन हुने मिति, समय र कार्यतालिका सम्बन्धी जानकारी पछि आधिकारिक रूपमा सार्वजनिक गरिने जनाएको छ। सूचनामा भनिएको छ, "राष्ट्रिय स्वतन्त्र पार्टी, बाराको मिति २०८३ जेठ २६ गते सञ्चालन हुने भनिएको जिल्ला अधिवेशनका कार्यक्रमहरू विविध अपरिहार्य कारणवश अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा सम्पूर्ण जिल्ला सदस्यहरू, पार्टी पंक्ति तथा सरोकारवालाहरूको जानकारीका लागि सूचित गरिन्छ।"

आयोगले अधिवेशनका बाँकी प्रक्रिया तथा आगामी कार्यतालिका सम्बन्धी थप निर्देशन केन्द्रीय निर्वाचन आयोगबाट जारी गरिने समेत जनाएको छ। साथै सम्बन्धित सबै पक्षलाई आगामी सूचनाको प्रतीक्षा गर्न आग्रह गरिएको छ। रास्वपाले देशभर संगठन विस्तार तथा आन्तरिक लोकतन्त्र सुदृढीकरणका लागि जिल्ला अधिवेशन सञ्चालन गरिरहेको बेला बारा जिल्ला अधिवेशन स्थगित हुनु राजनीतिक रूपमा अर्थपूर्ण घटनाका रूपमा हेरिएको छ। अधिवेशनमार्फत नयाँ जिल्ला नेतृत्व चयन, संगठन पुनर्गठन तथा आगामी कार्यदिशा तय गर्ने तयारी भइरहेका बेला कार्यक्रम रोकिएपछि जिल्ला तहका नेता-कार्यकर्ता अन्योलमा परेका छन्। अधिवेशनको मिति नजिकिँदै गर्दा उम्मेदवारहरू आन्तरिक दौडधुपमा सक्रिय रहेका थिए।

पार्टीभित्रको व्यवस्थापकीय समस्या, निर्वाचन प्रक्रिया सम्बन्धी विवाद वा अन्य संगठनात्मक कारणमध्ये कुन विषयले अधिवेशन रोकिएको हो भन्ने विषयमा भने पार्टी नेतृत्वले औपचारिक रूपमा केही खुलाएको छैन। अधिवेशन स्थगनको सूचनापछि बारा जिल्लाका पार्टी कार्यकर्ता तथा शुभेच्छुकहरूबीच विभिन्न चर्चा सुरु भएको छ। कतिपयले संगठनात्मक तयारी नपुगेको कारण कार्यक्रम सारिएको अनुमान गरेका छन् भने केहीले निर्वाचन प्रक्रियासम्बन्धी विषयलाई कारणका रूपमा हेरेका छन्। यद्यपि पार्टीको आधिकारिक सूचनामा कुनै विवाद वा विशेष कारण उल्लेख नगरिएकाले स्थगनको वास्तविक कारणबारे स्पष्ट हुन सकेको छैन।

रास्वपाको केन्द्रीय निर्वाचन आयोगले भने अधिवेशन पुनः सञ्चालन हुने मिति र समय चाँडै सार्वजनिक गरिने जनाएको छ। त्यसबेलासम्म बारा जिल्ला अधिवेशनसँग सम्बन्धित सम्पूर्ण कार्यक्रम स्थगित रहनेछन्। अधिवेशन स्थगित भएसँगै बारा जिल्लामा रास्वपाको नयाँ नेतृत्व चयन प्रक्रिया अनिश्चितकालका लागि पछाडि धकेलिएको छ भने पार्टीभित्र आगामी निर्णयप्रति कार्यकर्ता र नेताहरूको चासो बढेको देखिएको छ।

जीतपुरसिमरा उपमहानगरपालिका
२० नं. वडा कार्यालय
मिति २०८३ ०२ ११

पत्र संख्या:-
चलानी नं.:-

सुचना। सुचना॥ सुचना॥।

प्रस्तुत विषयमा जिल्ला पर्सा विरगंज उपमहानगरपालिका वडा न ४ हाल जिल्ला पर्सा विरगंज महानगरपालिका वडा न १५ मा बस्ने मुल पुरुष मंगल साह कानु रहेको निजको ५ जना छोरा हरु कमश धेनुक साह कानु ,लखिचन साह कानु ,भोला साह कानु ,बाबुलाल साह कानु ,सितराम साह कानु भएको हुदा निज छोराहरु मध्ये बाबुलाल साह कानु समेत प्रलोक भएको हुदा निजको एक मात्र छोरा देवलाल साह कानुको मात्र जायजन्म भएको निज पनि मिति २०५२ ०३ ०२ गतेमा मृत्यु भएको निजको पत्नी श्रीपति देवी भएको निज पनि मिति २०१४ ०५ २९ मा प्रलोक भएकी निजहरुबाट १ मात्र छोरा नगिना प्रसाद साह कानु जाय जन्म भएको निज पनि मिति २०६८ ०९ २४ निजको पत्नी पानमति कनुइन पनि मिति २०८२ १० ०७ गते मृत्यु भएको निजहरुबाट ३ छोराहरुको जाय जन्म भएको कमश बिरेन्द्र प्रसाद गुप्ता,मुकेश साह कानु, रमेश साह कानु' रहेकोमा बिरेन्द्र प्रसाद गुप्ता मिति २०६१ १० ०९ मा मृत्यु भएको निजको शेषपछिको हकखाने व्यहोर्ने रहेको हुदा बाजे देवलाल साह कानु ,नगिना प्रसाद साह कानु श्रीपति देवी र पानमति देवी कनुइनको छोरा बिरेन्द्र प्रसाद गुप्ता समेत अघिपछि गरी मृत्यु भएको हुदा निज अंशियारहरु एकासगोलमा बसी आएको मा बजै मंगल साह कानुको नाउमा दर्ता रहेको बिर्टौरी जग्गा २००६ ०९ ०१ मालपोत कार्यालय पर्सा वीरगजको र न ४५९ ५२ वण्डा बमोजिमको जग्गा बाजे देवलाल साह कानुको ३ भागका १भाग जग्गा परेकोमा देवलाल साह कानुको शेष पछिको हकखाने व्यहोर्ने अंशियारहरु मुकेश साह कानु र रमेश साह कानुको नाउमा दा खा गरी जग्गाधनी प्रमाणपुर्जा पाउन मालपोत कार्यालय बाराको नाउमा सिफारिस पाउ भनी यस वडा कार्यालयमा दिएको निवेदन अनुसार उल्लेखित जग्गाको दा खा नामसारी गर्न निज निवेदकहरु बाहेक अंशियार भए रहे आफनो आवश्यक कागजात सहित सुचना प्रकासित भएको म्याद भित्र सम्पर्क राख्न हुन यसै सुचनाबाट जनाकारी गराइन्छ। प्रकासित सुचनाको म्याद भित्र नआएमा कानुन बमोजिम सिफारिस हुने व्यहोरा अनुरोध छ।

तपसिल

| जिल्ला | गा वि स | वडा न | कि न | ज वि |
| --- | --- | --- | --- | --- |
| बारा | इनर्वासिरा | ७ | २४० | १-३-१६ |
| बारा | इनर्वासिरा | ७ | १८७ | १-०-३ |
| बारा | इनर्वासिरा | ७ | ५० | ०-१४-१८ |
| बारा | इनर्वासिरा | ७ | ५२ | ०-०-१५ |
| बारा | इनर्वासिरा | ७ | | २-१९-१२ |

२०८३/२/११
रसुल मिया अंसारी
वडा अध्यक्ष

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com


**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा